नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- २२०

मितिः- २०८१/०२/०९

ने.सं. ११४४ वछलाथ्व १४

विषयः- सामाजिक सुरक्षा इकाई गठन गर्ने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. फै.का./७१२/६४०, मिति २०८१/०२/०७ को फैसला/आदेश कार्यान्वयन सम्बन्धी पत्रमा उल्लिखित **'सामाजिक सुरक्षा इकाई'** गठन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था हुन प्राप्त पत्र यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

__बोधार्थ:__

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कानून तथा फैसला कार्यान्वियन महाशाखा सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०८०/८१

च.नं.:- फै.का./७१२/६४०८

मितिः २०८१।०२।०७

ने. सं. ११४४

सं.मा.मं. १५८२ ०२/०३

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४६३६ / २१५
दर्ता मितिः-

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार।

विषयः फैसला/आदेश कार्यान्वयन सम्बन्धमा।

उल्लिखित विषय सम्बन्धमा रिट निवेदक राजुप्रसाद चापागाई विपक्षी तहाँ मन्त्रालय समेत भएको परमादेश मुद्दा (रिट नं. ०७१-WO-०२५७) मा श्री सर्वोच्च अदालतवाट भएको आदेशको प्रतिलिपी प्राप्त गर्नु भएकै होला। अतः सो आदेशमा "संविधान अनुरुप गठन हुने प्रदेश सरकारको मातहतमा रहने गरी प्रदेश तहमा महिला, बालबालिका तथा बृद्ध अवस्थाका जीवन संकटमा रहेका नेपाली नागरिकको भरणपोषण र वसोबासको लागि प्रत्येक प्रदेशमा प्रादेशिक समाजिक सुरक्षा बोर्ड तथा स्थानीय तहमा सामाजिक सुरक्षा इकाई गठन गर्ने" भन्ने निर्देशन कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहमा लेखी पठाउने अधिकार नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम तहाँ मन्त्रालयको भएको हुँदा कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८१/०२/०७

(आश्रृती पोखरेल)
शाखा अधिकृत (कानून)

बोधार्थ
श्री फैसला कार्यान्वयन निर्देशनालय,
बबरमहल, काठमाडौं।

स्थानीय तह समन्वय शाखा,
लागि पठाउनु
२/५

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np